का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ पुस २०७९,
शुक्रबार
23 December 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३०७ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



## शुरु भयो नयाँ यात्रा

*बिहीबार २ सय ७० जना नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरुले जेष्ठ सदस्य पशुपति शम्शेर जबराबाट सपथ लिएका छन् । योसँगै सांसदहरुको कार्यकालको औपचारिक सुरुवात भएको छ । सपथ लिएसँगै विधि निर्माणमा जनादेशको औपचारिक प्रयोग गर्ने अधिकार पाँच वर्षका लागि सांसदहरुले प्राप्त गरेका छन् । तस्बिर : रासस*



## बिना चुनौती दलको नेतामा ओली र प्रचण्ड

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ७ पुस ।

गत बुधवार नेपाली कांग्रेसको संसदीय दलको नेतामा महामन्त्री गगन थापाले उम्मेद्वारी दिएपछि नेकपा एमाले र नेकपा माओवादी केन्द्रका नेताले सामाजिक सन्जालमै लेखेर बधाई मात्रै दिएनन् उनको साहास सम्मानयोग्य भएको समेत टिप्पणी गरे । यद्यपि, देउवा संसदीय दलमा भारी मतान्तरले विजयी भए तरपनि गगनको साहासलाई भने अन्य दलका नेताकार्यकर्ताले पनि सकारात्मक लिए ।

नेपाली कांग्रेसभित्र गगनले उम्मेद्वारी दिएर आन्तरिक लोकतन्त्र मजबुत भएको टिप्पणी गर्ने एमाले र माओवादी केन्द्रका नेताहरु उम्मेद्वारी त परको कुरा पुस्तान्तरणको कुरा समेत पार्टीभित्र निर्धक्क उठाउन सक्दैंनन् ।

चुनावको अन्तिम परिणाम आएसँगै नेकपा एमालेको संसदीय दलको नेतामा केपी ओली सर्वसम्मत नै संसदीय दलको नेता चयन भएका छन् भने माओवादी केन्द्रमा प्रचण्डलाई चुनौती दिने नेता अहिलेसम्म पनि तयार नै भएका छन् । 'ओली वा प्रचण्डको विरुद्ध जाँदा विभिन्न पद गुम्ने डरले अहिलेसम्म पनि उनीहरुलाई चुनौती दिने नेता नजन्मिएका हुन्, फेरि ओलीले त आफ्ना विरोधीलाई पार्टी छोडेरै जाने अवस्था बनाउँछन्, सोही संस्कारका कारण अहिलेसम्म उनीहरुलाई टक्कर दिने नेता नजन्मिएका हुन्,' राजनीतिक विश्लेषक डा. विष्णु दाहालले भने । उनले आफ्नो व्यक्तिगत स्वार्थका कारण नेताका विरुद्ध कोही जान नसकेको बताएका छन् ।

अझ माओवादी केन्द्रमा त २०६२/०६३ साल देखि नै दलको नेता प्रचण्ड हुँदै आएका छन् । उनलाई चुनौती दिने गरी दलको नेता र पार्टी अध्यक्षमा अहिलेसम्म दाबी गरेका छैनन् बरु पार्टी छोड्ने र आन्तरिक गुट निर्माणमा मात्रै नेताहरु केन्द्रित देखिएका छन् । अझ नेकपा माओवादीका नेता सुदन किराँती त प्रचण्डको विकल्प कोही नभएको तर्क गर्छन् ।

'शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउनुपर्ने भएकाले प्रचण्ड नै दलको नेता बनाएर जानुपर्ने आजको आवश्यकता हो, अहिले नै दलको नेतामा विकल्प खोज्नु आत्मघाती कदम हो,' उनले भने । साथै उनले आवश्यकताका आधारमा मात्रै नेतृत्व परिवर्तन हुनुपर्ने भन्दै प्रचण्डको बचाउ गरेका छन् । कम्युनिष्ट पार्टीभित्र संसदीय दलमा मात्रै होइन, पार्टी महाधिवेशनमा समेत नेताहरुको इच्छाका व्यक्तिलाई पद दिने प्रवृत्ति मौलाएको छ । आफ्नो विरोध गर्नेलाई शत्रु बराबरको व्यवहार गर्ने प्रवृत्ति कम्युनिष्ट भित्र मौलाउँदै जाँदा आन्तरिक लोकतन्त्र धर्मराउने चर्चा चुलिन थालेको छ ।

## निर्णायक छलफलमा दलहरू

प्रतिनिधिसभा सदस्यको शपथ लिएलगतै कांग्रेस, एमाले र माओवादी केन्द्रका नेताहरु सरकार निर्माणका लागि निर्णायक छलफलमा जुटेका हुन् । फेरि पनि सत्तागठबन्धन टुटाएर सरकार बनाउने एमालेको प्रयास छ । सत्तागठबन्धन बचाएर सरकार बनाउने कांग्रेसको प्रयास छ । दुबैतिर फाइदाको आधारमा निर्णय लिने गरी माओवादी केन्द्र संवादमा छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ पुस ।

नेकपा माओवादी केन्द्रमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को दौडाह बिहीबार सार्वजनिक रुपमै देखियो । बिहान पार्टीको पदाधिकारी बैठक राखे । उनैलाई संसदीय दलको नेता बनाउने प्रस्ताव अनुमोदन भयो । उपनेतामा जनार्दन शर्मा र वर्षमान पुनले उपनेतामा चाहना राखेका थिए । विगतमा यी दुबै नेताले महासचिवमा दाबी गरेका थिए । दुई नेताको दाबी रहेपछि नेताको प्रस्तावउपर निर्णय गर्दै पदाधिकारी बैठक सकियो ।

पदाधिकारी बैठक सकेर प्रतिनिधिसभा सदस्यको शपथ खान नयाँ वानेश्वर गए । जहाँ उनले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भलाकुसारी गरे । नेताहरुका अनुसार ओलीले सहकार्य गर्न तयार रहेको पटक-पटक दोहोर्याए । विगतमा पाएको धोका सम्झिएर पनि प्रचण्ड प्रधानमन्त्रीका लागि सहयोग गर्ने एमाले अध्यक्ष ओलीको यसपटकको बचनमा पुन: पग्लिएका छन् । 'कांग्रेसले पहिलो पटक नै प्रधानमन्त्री नबनाए एमालेसँग मिलेर प्रधानमन्त्री बनेपछि देखाजायगा भन्ने प्रचण्डलाई परेको नयाँ



वानेश्वरमा प्रष्टै देखिन्थ्यो' एक नेता भन्छन् । उनका अनुसार वाम गठबन्धन बन्ने र वाम सरकार बन्ने विषय बिहीबार रातभरको घटनाक्रमले निर्धारण गर्नेछ ।

प्रचण्ड शपथग्रहण सकेपछि सिंहदरवारमा संसदीय दलको बैठकमा भए । पदाधिकारी बैठकले गरेको निर्णयका आधारमा पार्टीको संसदीय दलको नेतामा चुनिए । संसदीय दलको नेता चुनिए लगत्तै प्रचण्ड प्रधानमन्त्री निवास बालुवाटार गए । बालुवाटारमा प्रचण्डले प्रष्ट रुपमा आफूलाई पहिलो पटक प्रधानमन्त्री बनाउनुपर्ने अडान लिएका छन् । माओवादीलाई राष्ट्रपति दिन कांग्रेस तयार भएको तर, प्रचण्डले प्रधानमन्त्रीमै अडान राखेको नेताहरु बताउँछन् ।

बालुवाटारमा प्रचण्ड र प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाबीचको छलफलमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल पनि मिसिए । बिरामी भएर अस्पतालमा उपचाररत रहेका माधव नेपाल पावर सेयरिङको छलफल चोटिलो भएपछि वालुवाटार पुगेको नेताहरु बताउँछन् ।

यता वाम सरकार बन्न सक्ने आँकलनकाबीच नेकपा एमालेका शीर्ष नेताहरु पनि दौडधुपमा छन् । एमाले र माओवादी मिलेर सरकार बनाउन खोज्दा पनि संसदीय अंकगणित पुग्दैन । यस्तो स्थितिमा साना दलहरुको समर्थन जुटाउनुपर्ने हुन्छ । यसका लागि स्वमं ओली सक्रिय भएका छन् । बिहीबार साँझ जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र एमाले ओलीलाई भेटे । यादवले बालकोट पुगेर ओलीसँग भेटेका हुन् । भेटमा उनीहरूबीच सत्ता समीकरणको विषयमा छलफल भएको बताइएको छ । जसाप अध्यक्ष यादवले बिहीबार बिहानमात्रै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता गरेका थिए । प्रचण्ड निवास खुमलटारमा भएको भेटमा प्रचण्डले आफूलाई प्रधानमन्त्री बनाउन यादवलाई आग्रह गरेका थिए ।

प्रचण्डको निरन्तरको दोहोरो प्रयास र जसरी पनि प्रधानमन्त्री बन्ने हुटहुटीले गठबन्धन नै तोडिने स्थितिमा प्रधानमन्त्री छाड्न शेरबहादुर देउवा सकारात्मक रहेको कतिपयको प्रतिक्रिया छ । तर, यसले मुर्त

– बाँकी पृष्ठ २ मा

### १४ सांसदको सपथ

## भ्रष्टाचार नगर्ने प्रण

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ७ पुस ।

बिहीबार २७० सांसदले शपथ लिए । जसमध्ये १४ सांसदले भ्रष्टाचार नगर्ने भन्दै लिए शपथ लिए । ती सांसदहरु हुन्- राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देन, सांसदहरु दीपक बोहरा, ज्ञानबहादुर शाही (ज्ञानेन्द्र), दीपक सिंह, विक्रम पाण्डे, ध्रुवबहादुर प्रधान, धवलशमशेर राणा, पशुपतिशमशेर जबरा, बुद्धिमान तामाङ, रोशन कार्की, गीता बस्नेत, बिना लामा, बिना जयसवाल र अनिशा नेपाली ।

राप्रपाका पशुपतिशमशेर जबराले जेष्ठ सदस्यको हैसियतमा सांसदहरुलाई हपथ खुवाउँदा राप्रपाकै बाँकी १३ सांसदले भ्रष्टाचार नगर्ने बाचाका लागि थप शपथग्रहण गरेका हुन् ।

राप्रपाका वरिष्ठ उपाध्यक्ष समेत रहेका सांसद बुद्धिमान तामाङका अनुसार 'भ्रष्टाचार गरेर खानु आमाको रगत खानु सरह मानेर काम गर्नेछु' भनेर १३ जनाले नै थप शपथ खाएका हुन् ।

राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले २०७४ मा पनि यही भनेर थप शपथ खाएका थिए । उनले यसपटकको शपथपछि उनले फेसबुकमा लेखेका छन्, 'अघिल्लो कार्यकालझैं आज पनि निर्धारित शपथका अतिरिक्त थप शपथसहित प्रतिनिधि सभा सदस्य पदको शपथग्रहण कार्यक्रममा सहभागी भइयो ।'

०७४ को संसदमा उनी एक्लै थिए । यसपटक राप्रपाका १४ जना सांसद छन् । लिङ्देनले १४ जनालाई नै भ्रष्टाचार गरेर खानु आमाको रगत खानु सरह मानेर काम



गर्ने भनी शपथ खुवाएका हुन् ।

यस्तै, मोरङ क्षेत्र नं.३ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माले गीता छोएर भ्रष्टाचार नगर्ने अठोट गरे । सांसदहरुको शपथ ग्रहणका क्रममा डा.शर्माले पद तथा गोपनीयताको शपथसँगै भ्रष्टाचार नगर्ने अठोट गरेका हुन् । चुनावी अभियानका क्रममा उनले भ्रष्टाचार नगर्ने

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## स्थानीय श्रमिकलाई प्राथमिकता दिन मलेसिया सरकारलाई दबाब

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ पुस

मलेसियाको ट्रेड युनियन कांग्रेस (एमटीयूसी)ले स्थानीय श्रमिकलाई प्राथमिकता दिन सरकारलाई दबाब दिन थालेको छ । स्थानीय निलईको एउटा कम्पनीले ३० जना स्थानीयलाई बर्खास्त गरी उनीहरुको सट्टामा विदेशी कामदार राखेको रिपोर्ट सार्वजनिक भएपछि मलेसियन ट्रेड युनियन कांग्रेसले स्थानीय मलेसियनहरुलाई रोजगारीमा प्राथमिकतामा राख्ने अभियान अघि बढाउने बताएको छ ।

एमटीयूसीका महासचिव कमरुल बहरिन मन्सोरले विभिन्न क्षेत्रमा कामदारको अभाव समाधान गर्न सरकारले गरेको प्रयासको कम्पनी दुरुपयोग गरी विदेशी कामदार लगाएर स्थानीय कामदारको सेवा खारेज गरेको टिप्पणी गरेका छन् । उनले भनेका छन्, 'सरकारले विदेशी कामदारको प्रवेशमा नियन्त्रण गर्नुपर्छ र विदेशी कामदार राख्न चाहने रोजगारदाताको लोभबाट स्थानीय कामदार प्रभावित नहुने सुनिश्चित गर्नुपर्छ ।'

कमरुलले सरकारले देशलाई विदेशी कामदारको निर्भरताबाट हटाउन समयसीमा तोक्नुपर्ने र यस विषयमा श्वेतपत्र तयार गर्नुपर्ने माग गर्दै स्थानीय श्रमिकका लागि रोजगारीको अवसर प्रवर्द्धन गर्दै पारिश्रमिक बढाउन आग्रह गरेका छन् । मलेसियाको उत्पादनमा विदेशी कामदार प्रयोग गर्ने प्रवृत्तिले मलेसियन उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिबन्ध लाग्न सक्ने भन्दै उनले स्थानीय कामदारलाई थप सुविधा दिएर आप्रवासी श्रमिकमाथिको निर्भरता हटाउन सकिने बताएका छन् । मलेसियामा आर्थिक गतिविधिमा तिव्रता आएसँगै आप्रवासी कामदारको अभाव चर्किएको छ । कोभिडअघि मलेसियामा १७ लाख विदेशी कामदार रहेको तर हाल त्यो संख्या १४ लाख हाराहारीमा रहेको अनुमान छ ।

मलेसियाका निजी क्षेत्रका रोजगारदाताहरुको संगठन मलेसियन इम्प्लोयर्स फेडेरेसन (एमईएफ)ले आप्रवासी कामदारको अभावले उत्पादनमा र वितरण प्रणालीमा समस्या आएको भन्दै यो अवस्था यथावत् रहेमा मुलुकको अर्थतन्त्रमा शिथिलता देखिन सक्ने बताएको छ ।

तत्काल करिब ४ लाख आप्रवासी कामदार ल्याउने गरी प्रक्रियालाई तिव्रता दिन एमईएफले सरकारसँग माग

– बाँकी पृष्ठ २ मा

### हट्यो हय्या कार्डको सुविधा

**बिनोद थापा मगर/मध्यान्ह**
दोहा, कतार, ७ पुस

विश्वकप फुटबलको समाप्तिसँगै कतार सरकारले हय्या कार्डको सुविधा हटाएको छ । विश्वकपको समयमा हय्या कार्डबाट पाइने नि:शुल्क सार्वजनिक सवारीको यात्रा डिसेम्बर २३ अर्थात् शुक्रबारदेखि हट्ने भएको छ ।

शुक्रबारदेखि मेट्रो र ट्राम चढ्न ट्राभल कार्ड आवश्यक पर्ने बताइएको छ । प्रतियोगिताको अवधिभर दोहा मेट्रोले दैनिक ६ लाख र लुसेल ट्रामले २७ हजार यात्रु ओसारेको कतार रेलले बताएको छ । कतारले विश्वकप फुटबलका अवसरमा रंगशालामा पानी तथा अन्य हलुका पेय पदार्थको बिक्रीका लागि हय्या कार्डमार्फत विदेशी कामदार झिकाएको थियो । केही नेपाली पनि उक्त कार्डमार्फत कतार गएका थिए ।

**कर्मचारी आवश्यकता !!!**

Hotel Imperial Kathmandu गौशाला काठमाण्डौको लागि निम्न लिखित कर्मचारीहरु यथासिघ्र पदपूर्ति गर्नुपर्ने भएकोले योग्य तथा ईच्छुक व्यक्तिहरुलाई बायोडाटा, योग्यता र अनुभवको प्रमाणपत्र साथ ७ दिन भित्र आवेदन पेश गर्न अनुरोध गरिन्छ ।

| पद तथा संख्या | न्युनतम योग्यता |
| --- | --- |
| Cook (All Round)- 5 | अनुभवी, सामान्य अंग्रेजी लेखपढ गर्न सक्ने, पेशागत ज्ञान राम्रो भएको |
| Bar Man - 2 | अनुभवी, कम्तिमा १२ कक्षा पास, राम्रोसंग अंग्रेजी लेखपढ गर्न र बोल्न सक्ने, पेशागत ज्ञान राम्रो भएको, आकर्षक व्यक्तित्व र स्वस्थ |
| Captain (M) - 2 | |
| Hostess (Female) - 2 | |
| Housekeeper (M/F) - 2 | |
| Waiter & Waitress - 5/5 | |
| Restaurant Supervisor (M) - 2 | |

सम्पर्क: Hotel Imperial Kathmandu, गौशाला, काठमाण्डौ । Email: hotelimperial.kath@gmail.com

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि

**तालिम खुल्यो**

**कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन**

विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था



माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

# पत्रकार महासंघको साधारणसभा आजदेखि सुर्खेतमा

## राष्ट्रपतिले उद्घाटन गर्दै, देशभरका पत्रकार भेला

**युवराज पंगाली / मध्यान्ह**
सुर्खेत, ७ पुस

देशभरका पत्रकारहरु कर्णाली प्रदेशको राजधानी सुर्खेतमा भेला भएका छन् । नेपाल पत्रकार महासंघको केन्द्रीय साधारण सभाका लागि देशभरका पत्रकार सुर्खेतमा भेला भएका हुन् । शुक्रबार र शनिबार वीरेन्द्रनगरमा हुने साधारणसभाको राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । कार्यक्रमको उद्घाटन समारोहमा नेपाल सरकारका सञ्चारमन्त्री ज्ञानेन्द्र बहादुर कार्की, नेपाली कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, नेकपा एमालेका महासचिव शंकर पोखरेल, नेकपा माओवादी केन्द्रका प्रवक्ता कृष्ण बहादुर महरा, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री जीवन बहादुर शाही र कर्णालीका विभिन्न पालिकाका प्रमुखहरुको उपस्थिति रहने पत्रकार महासंघ सुर्खेत शाखाका सचिव ललित बुढाले मध्यान्हलाई जानकारी दिए ।

बिहान ८ बजे मंगलगढीबाट प्रभातफेरी पश्चात १० बजे राष्ट्रपतिले साधारणसभाको उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

देशभरबाट आउने पत्रकारहरुका लागि बस्नका लागि वीरेन्द्रनगरका २२ वटा होटलको व्यवस्था गरिएको छ भने पर्यटकीय क्षेत्रहरुको भ्रमण गर्ने व्यवस्था मिलाइएको पत्रकार महासंघका केन्द्रीय सदस्य दिपेन्द्र शर्माले जानकारी दिए ।



७७ वटै जिल्लाबाट ७ सयभन्दा बढी पत्रकारको सहभागिता हुने कार्यक्रमका लागि विभिन्न समिति र उपसमितिहरू निर्माण गरी व्यवस्थापनको तयारी गरिएको छ । साधारण सभाको तयारी पूरा भएसँगै नेपाल पत्रकार महासंघ केन्द्रीय साधारण सभाको बैठकको आयोजना गरिएको छ ।

उनका अनुसार आज बिहान ८ बजे वीरेन्द्रनगरको मंगलबढी चोकबाट प्रभातफेरी शुरु भई त्यसपछि उक्त अधिवेशनको उद्घाटन राष्ट्रपति भण्डारीले बिहान ९ बजे गर्ने कार्यक्रम तय भएको महासंघले जनाएको छ । साधारण सभा वीरेन्द्रनगरको सिटी हलमा आयोजना गरिँदैछ । महासंघका केन्द्रीय महासचिव रोशन पुरीले महासंघको विगतदेखि भइआएका गतिविधि र महासंघले आगामी दिनमा गर्नुपर्ने कार्य योजनाको बारेमा वृहत छलफल हुने बताए । अधिवेशनमा महासंघका ७७ जिल्ला शाखा, ३९ प्रतिष्ठान शाखा, १२ एशोसिएट शाखा, १० वैदेशिक शाखा र दुई आवासीय शाखा नेजा र एन्जाका पदाधिकारी सदस्य गरी ७५० राष्ट्रिय परिषद् सदस्यको सहभागिता रहेको महासचिव पुरीले जनाए । उनका अनुसार साधारण सभाको लागि आर्थिक दायित्व केन्द्रीय समितिले नै गरिरहेको छ ।

पत्रकार महासंघको लागि सुर्खेत आइपुगेका मध्यान्ह राष्ट्रिय दैनिकका सम्पादक मदन श्रेष्ठले कर्णालीको राजधानी सुर्खेत पर्यटकीय रुपमा मनमोहक रहेको  बताउँदै महासंघको साधारणसभा सुर्खेतमा हुनु कर्णालीका लागि गौरवको कुरा भएको बताए । पहिलो पटक सुर्खेत पुगेका श्रेष्ठले कर्णाली काठमाडौंमा बसेर कल्पना गरेजस्तो नभएको भन्दै यहाँका पर्यटकीय तथा व्यावसायिक क्षेत्रको विकासका लागि यहाँका सञ्चार माध्यमहरुले महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताए ।

पत्रकार महासंघको साधारणसभा सुर्खेतमा आयोजना भएसँगै सुर्खेतका व्यावसायीहरु पनि खुशी भएका छन् । कोरोना कालमा थलिएको व्यावसाय पछिल्लो समय धरासायी बनेको अवस्थामा पत्रकार महासंघको साधारणसभा सुर्खेतमा हुनुले यहाँको पर्यटकीय क्षेत्रसहित कर्णालीको व्यवसायमा समेत टेवा पुग्ने होटल व्यवसायीहरुको भनाइ छ ।

# काठमाडौं उपत्यकाको फोहोर एक हप्ता नउठ्ने

**काठमाडौं / मस–** बाटो मर्मतको काम गर्नुपर्ने भएकाले आगामी एक हप्ता काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनको काम प्रभावित हुने भएको छ । यसअघि फोहोर व्यवस्थापन गर्दै आएको स्थान नुवाकोटको सिसडोलदेखि दीर्घकालीन फोहोर व्यवस्थापनस्थल बञ्चरेडाँडासम्म जाने करिब दुई किलोमिटर बाटो मर्मतको काम भइरहेकाले आगामी एक हप्ता व्यवस्थापनको काम नहुने भएको हो ।

शहरी विकास मन्त्रालयले फोहोरका गाडी आवतजावत् गर्दा बाटो मर्मतको काममा समस्या आएको भन्दै काठमाडौं महानगरपालिकालाई केही दिन फोहोरका गाडी नपठाउन गरेको आग्रहअनुसार व्यवस्थापन कार्य रोक्न लागिएको हो । शुक्रबारदेखि काठमाडौं उपत्यकाका १८ स्थानीय तहको फोहोर व्यवस्थापनको काम रोकिने कामपा वातावरण विभाग प्रमुख सरिता राईले जानकारी दिइन् ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मितिः २०७९/०९/०८**

यस कार्यालयमा मिति २०४७/१०/०८ मा दर्ता भएको **प्रा.लि.नं. ४३२१** को **अफिस सपोर्ट सर्भिस सेन्टर छापाखाना प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०९/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेशनल नेचर केयर लिमिटेड (लिमिटेड द.न. १३०२)**
नयाँ बानेश्वर, काठमाडौं

**साधारण सभा सम्बन्धि सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/०८ गते**

यस नेशनल नेचर केयर लि.को संचालक समितिको मिति २०७९/८/२४ को बैठकको निर्णय अनुसार यस लिमिटेडको वार्षिक साधारण सभा यही २०७९/९/२८ गते बिहिवार विहान ११:०० बजे नयाँ बानेश्वर काठमाण्डौमा बस्ने भएको हुँदा सबै शेयर धनी महानुभावहरुलाई व्यक्तिगत रुपमा पठाएको पत्र प्राप्त नभए पनि यसै सूचनालाई आधार मानी शेयर धनिको हैसियतले सो साधारण सभामा उपस्थितिको लागि अनुरोध छ ।

**वार्षिक साधारण सभाका प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट आ.व. ०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा ।
२. आ.व. ०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन र नाफा नोक्सान हिसाब नगद प्रवाह समेतको विवरण स्वीकृत सम्बन्धमा ।
३. आ.व. ०७९/८० को लेखा परीक्षक नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा । ४. विविध

**वार्षिक साधारण सभा सम्बन्धि अन्य आवश्यक कुराहरुः**

क) साधारण सभामा भाग लिन आउँदा आफनो परिचय खुल्ने कुनै प्रमाण साथमा हुन अनिवार्य छ ।
ख) साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ती गर्न चाहने शेयर धनी महानुभावहरुले यस कम्पनिको शेयर धनीहरु मध्ये कसैलाई तोकिए बमोजिमको ढाँचाको (यस कम्पनीको कार्यालयमा उपलब्ध गराईने) फाराम भरी पेश गर्नु पर्ने छ ।
ग) शेयर धनी र शेयर धनीबाट नियुक्त प्रतिनिधिले मात्र सभा कक्षको ढोकामा सो दिनको १०:०० बजे देखि खुल्ला राखिने हाजिरी किताबमा साधारण सभा हुनु भन्दा अगाडी नै उपस्थिति जनाई सक्नु पर्ने छ ।
घ) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**सम्पर्कका लागि फोन नं.: ०१-४७९५७०८**

**कार्यकारी निर्देशक**
**संचालक समिति**

# पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा प्रदर्शन उडान



**काठमाडौं / मस–** पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा प्रदर्शन उडानको शुरुवात गरिएको छ । विमानस्थलमा बिहीबार यति एयरलाइन्सले पहिलो प्रदर्शन उडान सफलतापूर्वक सम्पन्न गरेको हो । एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले दिउँसो २:१५ बजे पुरानो विमानस्थलबाट उडान भइ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा २:२७ मा अवतरण भएको जानकारी दिए । 'मुलुकको तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलमा बिहीबार यतिले प्रदर्शन उडान सम्पन्न गरेको छ, उडानका क्रममा पाइटलहरुले विमानस्थल प्राविधिकरुपमा सञ्चालनका लागि तयार भएको प्रतिक्रिया दिनुभएको छ', उनले भने । विमानका पाइटल प्रमोदराज गौतमले प्राविधिक रुपमा विमानस्थल अन्तर्राष्ट्रिय स्तरको भएको र अवतरण पनि सहज भएको बताए । विमानस्थल आगामी पुस १७ देखि सञ्चालनमा आउन लागेको छ । विमानस्थलमा बुद्ध एयरले पनि दिउँसो ३:६ बजे विमानस्थलमा अवतरण गरेको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/०८**

**किङ्गस ट्राभल सोलुसन्स प्रा.लि.** को मिति २०७९/०६/०९ गते मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कस्प टुर्स एण्ड ट्राभल्स प्रा.लि. (प्रा. लि. नं.: ८५८६६,** कायम गर्ने गरी मिति २०७९/०९/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Maharajganj Municipality**
**Office of Municipal Executive**
**Lumbini Province, Kapilvastu,**

**Corrigendum**

**Publication Date: 2022-12-23**

Reference to the invitation of bid notice published dated 2022-12-01 (Madhyanha Rastriya Dainik) Contract no 07/KPIL/MM/RD/Works/2079/080, Following amendment is hereby made:
The Bid security amount in Notice shall be Nrs120000.00 instead of Nrs.75000.00.

**Chief Administrative Officer**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०९/०८**

**तारकेश्वर भेट एण्ड डग केयर सेन्टर तथा विउ विजन पसल प्रा.लि.** को मिति २०७९/०८/२७ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लिखु एग्रोभेट सर्भिस सेन्टर प्रा.लि. (प्रा.लि.नं.: २५१४९५)** कायम गर्ने गरी मिति २०७९/०९/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## चितवनमा सवारी दुर्घटना बढ्दो

# पाँच महिनामा एक सय ६२ दुर्घटना, ४० जनाको मृत्यु

**चितवन / मस–** चालु आर्थिक वर्षको पाँच महिनामा भएका एक सय ६२ दुर्घटनामा ४० जनाले ज्यान गुमाएका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका अनुसार दुर्घटनामा ३३ पुरुष, चार महिला, एक बालक र दुई बालिका छन् । ती दुर्घटनामा ९२ गम्भीर घाइते र २१५ सामान्य घाइते भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । जिल्लाका विभिन्न स्थानमा भएका दुर्घटनामा दुई सय ४२ वटा सवारीसाधन संलग्न रहेका छन् । दुर्घटनामा पर्ने सवारीसाधनमा सबैभन्दा बढी मोटरसाइकल छन् । मोटरसाइकल एक सय ३३, जिप, कार ३४, ट्रक ट्याङ्कर ३१, बस १५, माइक्रो छ वटा, ट्याक्टर पाँच, ट्याम्पो आठ, टिपर चार, शारीरिक शक्तिबाट चल्ने १२ वटा र अन्य चारवटा रहेको कार्यालयले जनाएको छ ।

सबैभन्दा बढी दुर्घटना भित्री सडकमा हुने गरेको कार्यालयका प्रमुख धर्मबहादुर अधिकारीले जानकारी दिए । मुख्य राजमार्गमा भन्दा भित्री सडकमा सवारीको गति तीव्र हुने भएकाले सो क्षेत्रमा बढी दुर्घटना हुने गरेको उनले बताए ।  उनले भने,'हामीले सवारी यान्त्रिकीकरण परीक्षण, सचेतना कार्यक्रमलाई तीव्ररूपमा अगाडि बढाएका छौं ।'

सवारी दुर्घटना न्यूनीकरणका लागि कार्यालयले सचेतनामूलक कार्यक्रम र नियमित जाँचलाई तीव्र बनाइएको उनले बताए । भित्री सडकमा चालकको लापरवाही, मादक पदार्थ सेवन, साँघुरा, कच्ची सडक र ट्राफिक प्रहरीको पहुँच कम हुने भएकाले पनि दुर्घटना बढी हुने गरेको उनले भनाइ छ ।

**बिमालेख हराएको सूचना**

सर्लाही बागमती देखि बरथवा जाँदा मिति २०७८/१२/१७ गते मेरा बीमालेख पोलीसी हराएको हुँदा पाउनु हुने  महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८१५८७५७४२ मा खबर गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

**नामः मधुमाया थापा मगर**
**ठेगाना : सर्लाही, बागमती**
**बीमा लेख नं. : १७००००१८२**
**बीमा कम्पनी : नेपाल लाईफ इन्स्योरेन्स कम्पनी**

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
चन्द्रनिगाहपुर शाखा, चन्द्रपुर नगरपालिका मधेश प्रदेश रौतहट
सम्पर्क फोन: +९७७-०५५-५४०४११/७०१/६१९
NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री देव प्रसाद तिमल्सेनाकी पत्नी, प्रलाद प्रसाद शर्माकी छोरी मधेश प्रदेश, रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वार्ड नं.९ हाल  चन्द्रपुर ७ बस्ने बर्ष ४९ की रेणु तिमल्सेनाको मिति २०७८/०४/२१ (ई.सं. ०५/०८/२०२१) मा मृत्यु भएकोले स्व. रेणु तिमल्सेनाको पति हाल  चन्द्रपुर ९ बस्ने देव प्रसाद तिमल्सेनाले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको चन्द्रनिगाहपुर शाखा, चन्द्रपुर नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

**पिआरओ आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**PRO : 2 (Male/Female)**
**Salary: Negotiable**

**Please send your CV: Info@goldenach.com**

श्रम इजाजत पत्र नं.: १५३३/०७८/०७९
**Golden Achivers International Pvt. Ltd.**
Basundhara, Kathmandu
Contact.: 015914478 | 9741714518

### निर्णायक...

रुप लिन पनि बिहीबार रातभरको होमवर्क महत्वपूर्ण हुने नेताहरु बताउँछन् । नेताहरुका अनुसार प्रधानमन्त्री, राष्ट्रपति, सभामुख लगायतका पदको शक्ति बाँडफाँट गरेर राष्ट्रपतिले दिएको समय सीमाभित्रै नयाँ सरकार गठन गर्नुपर्नेमा नेताहरूको समान धारणा छ ।

स्रोतका अनुसार माओवादी अध्यक्ष प्रचण्डले समाजवादीका अध्यक्ष नेपाललाई सँगै राखेर अव बन्ने नयाँ सरकारको नेतृत्वमा आफूलाई सघाउन प्रधानमन्त्री देउवासँग आग्रह गरेका छन् । प्रचण्डको प्रस्तावमा देउवाले ठोस जवाफ नदिएपनि छलफल गर्न सकिने जवाफ दिएका छन् । त्यसक्रममा नेताहरुबीच राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, उपसभामुखलगायतका पदमा प्याकेजमा सहमति गर्नुपर्ने धारणा राखेका थिए ।

बिहीबार संसदीय दलको नेता चयन भएलगत्तै तीन नेता छलफलमा जुटेका हुन् । यसअघि नै प्रचण्डले देउवालाई आलोपालो प्रधानमन्त्री बन्ने सहमति अनुसार पहिलो खेपको प्रधानमन्त्रीमा आफूलाई सहयोग गर्न भनिसकेका छन् । प्रचण्डको यो प्रस्तावमा देउवाले सबै दलको संसदीय दलको नेता छानेर छलफल गर्न सकिने बताएका थिए ।

### १४ सांसदको...

उद्घोष गरेका थिए । सोही अनरुप उनी कसम खानका लागि भगवत गीता बोकेरै संघीय संसद भवन नयाँ बानेश्वर पुगेका थिए । शर्मासहित सबै निर्वाचित सांसदहरुलाई ज्येष्ठ सदस्य राप्रपाका सांसद जबराले सपथ ग्रहण गराएका हुन् । भगवत गीतामा कृष्णले अर्जुनलाई सत्यको पक्षमा लाग्न र असत्य, अन्याय, अत्याचारको विरुद्धमा लड्न शिक्षा दिएको हुनाले सोही मार्ग पछ्याउँदै आफूले पनि भगवत गीतालाई साक्षी राखेर कसम खाएको सांसद शर्माको भनाई छ ।

### स्थानीय...

गरेको छ । आप्रवासी कामदार अभावका विषयमा एमईएफ र सरकारको बुझाईमा एकरुपता भएपनि भिसा तथा अन्य प्रक्रियामा तिव्रता नभएको एमईएफको भनाइ छ ।

मलेसियाका सञ्चारमाध्यमहरुले विशेष गरी निर्माण, सेवा, हस्पिटालिटीसहित प्लान्टेशन उद्योगमा आप्रवासी कामदारको समस्या रहेको बताएका छन् ।

**राष्ट्रिय खाद्य बैंक लि.**
**केन्द्रीय कार्यालयः बानेश्वर, काठमाडौं**
**फोन नं. ०१-५९०६८१०, ईमेलः** rastriyakhadyabank@gmail.com

**दास्रो वार्षिक साधारण सभाको सूचना**

**प्रकाशित मितिः २०७९/०९/०८**

**सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु,**
यस कम्पनीको मिति २०७९/०८/२३ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकाले यहाँहरुको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति** :- २०७९/०९/३० गते शनिबार
**समय** :- दिउँसो १:०० बजे
**स्थान** :- रोयल ब्याङ्केट, तिनकुने काठमाडौं

**साधरण सभामा छलफलका विषयहरु**
१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा ।
२) आ.व. २०७८/०७९ सालको वासलात, नाफा-नोक्सान सहितको लेखापरीक्षण प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा ।
३) आ.व. २०७९/८० को हरहिसाब, लोखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४) विविध

**शंकरनाथ उप्रेती**
**(कार्यकारी अध्यक्ष)**

**Laxminiya Rural Municipality**
**Office of the Rural Municipal Executive**
Laxminiya Bazar, Dhanusha
Madhesh Province, Nepal

**Invitation for Bids**

**Date of Publication: 23 Dec 2022 (2079-09-08)**

**Notice for procurement of Ambulance and Generator through Catalogue Shopping Methods**

1. Rural Municipality, Office of the Rural Municipal Executive, Laxminiya Bazar, Dhanusha invites Sealed Proposal as per Public Procurement Act 2063 Clause 8 Sub clause 1(Ka)-8from eligible Producers/Authorized Distributer as per detail given below notice for procurement of Ambulance through Catalogue Shopping Methods for the procurement of following works:

| S. N. | Contract Identification Number | Item and Quantity | Estimated Amount with vat(NRS) | Bid Doc price | Last Date and Time of submission of bids | Date and time of Opening |
|---|---|---|---|---|---|---|
| 1 | 07/2079-80 | 4WD Ambulance (B type) -1 nos | 23,00,000 | 3,000 | 30 Dec 2022 (2079-09-15) 12:00 Hrs | 30 Dec 2022 (2079-09-15) 13:00 hrs |
| 2 | 08/2079-80 | 60 KVA Generator (DG SET water cooled) | 15,00,000 | 1,000 | 30 Dec 2022 (2079-09-15) 12:00 hrs | 30 Dec 2022 (2079-09-15) 13:00 hrs |

2. A complete set of Bidding Documents may be purchased from the office Laxminiya Rural Municipality Office of the Rural Municipal Executive Laxminiya Bazar, Dhanusha by eligible Bidders on the submission of a written application, and upon payment of a non-refundable fee as in table above till 29/12/2022 during office hours.
3. Interested Authorized Distributors may submit their proposal along with Company registration, VAT/PAN registration Tax Clearance Certificate of FY 2078/79 along with Authorized Specification/Rate with Detail Catalogue.
4. Further Detail may be obtained from the Laxminiya Rural Municipality Office.
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative Officer**
**Laxminiya Rural Municipality**

# चार्ल्स शोभराज आज कारागारबाट छुट्दै

**काठमाडौं/मस-** कुख्यात फ्रान्सेली नागरिक चार्ल्स शोभराज आज कारागारबाट छुट्दैछन् ।

अमेरिकी नागरिकसहितको हत्यामा मुछिएपछि उनलाई केन्द्रीय कारागार सुन्धारा राखिएको थियो ।

बिहीबार छुट्ने भनेपनि अध्यागमन विभागले उनलाई राख्ने अलग्गै ठाउँ नभएको जानकारी दिएको थियो ।

सोही कारण केन्द्रीय कारागारले शोभराजलाई बुधबार रिहा गरेन । उनको कारागारको अस्पतालमै बिहीबार स्वास्थ्य जाँच समेत भइसकेको छ । केन्द्रीय कार्यालयका जेलर ईश्वरी पाण्डेले अनुसार शोभराज बिरामी भएकाले विभागमा अलग्गै ठाउँ नरहेको जानकारी दिएको बताए ।

पछिल्लो समय अमेरिकी नागरिकको हत्या र केन्द्रीय कारागारमै रहेका जाली नोटसहितका आपराधिक कार्यमा संलग्न



युनुसअन्सारीमाथिको गोलीकाण्डको सजाय भोगिरहेका उनलाई ज्येष्ठ नागरिकलाई दिइने सुविधाअनुसार रिहा गर्न बुधबार सर्वोच्च अदालतले आदेश दिएको थियो ।

अमेरिकी नागरिकको हत्या प्रकरणमा १९ वर्ष लामो सजाय काटिसकेका शोभराजको उमेर ७७ वर्ष नाघिसकेकाले सर्वोच्च अदालतले उनको ७५ प्रतिशत सजाय माफी मिनाह हुने आदेश गरेको थियो ।

सर्वोच्चको आदेशअनुसार बिहीबार नै दुवै अदालतबाट शोभराजले सजाय कटाइसकेको पत्र केन्द्रीय कारागारमा पठाएका थिए । काठमाडौं अदातले युनुसमाथिको गोलीकाण्डमा सजाय भोगिसकेको पत्र पनि पठाइदिएपछि शोभराज शुक्रबार रिहा हुन लागेका हुन् । उनलाई अब जेलबाट सिधै अध्यागमन विभागमा लगेर बुझाइँदैछ । त्यहाँबाट उनलाई अध्यागमन विभागले उनलाई फ्रान्सतर्फ डिपोर्ट गर्ने छ । अमेरिकी नागरिकको हत्यासँगै २०६७ माघ २२ गते भारतको लखनउबाट आएका जस्जीत सिंहले शोभराजलाई नै भेट्ने बहानामा युनुसमाथि गोली हानेको घटनामा पनि मुद्दा लागेको थियो । सो गोलीकाण्डमा काठमाडौं जिल्ला अदालतले शोभराजलाई पनि ५ वर्षको जेल सजाय सुनाएको थियो ।

# परीक्षाको नाममा अवैध शुल्क असुलेको आरोप

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ पुस



रौतहटको फतुवा विजयपुर नगरपालिकामा रहेको हिमाली जनता माध्यमिक विद्यालयले परीक्षाको नाममा अवैध शुल्क असुल गरेको खुलेको छ । सो नगरपालिकाको वडा नं ११ मा रहेको विद्यालयले विद्यार्थीहरूबाट नै रकम असुली गरिरहेको खुलेको हो । सरकारले माध्यमिक सम्मको शिक्षा निःशुल्क दिने व्यवस्था गरेको छ । परीक्षाको लागि पनि स्थानीय सरकारले व्यवस्थापन गरेको छ, तर पनि परीक्षा शुल्कको नाममा रकम असुली गरिरहेका छन् ।

शिक्षा शाखाको अनुमति बिना नै सूचना जारी गरी रकम उठाइरहेका छन् । कक्षा १ र २ को परीक्षा शुल्क रू.५०, कक्षा ३,४ र ५ बाट रू. ७०, कक्षा ६ र ७ बाट १००, कक्षा ८ बाट १००, कक्षा ९ र १० बाट १२० का दरले असुल गरिरहेका छन् ।

यसको अलावा विद्यालयले मासिक शुल्क पनि उठाइरहेको छ । विद्यालयले मनमौजी तरिकाले शुल्क असुल गरिरहेको अभिभावक र विद्यार्थीहरूले गुनासो गरेका छन् । यसरी सरकारी विद्यालयहरूले अवैध शुल्क असुल्दै आएपनि स्थानीय सरकारबाट अनुगमन शून्य भएको पाइएको छ ।

विद्यालयले अवैध रकम असुली गर्दा अभिभावकहरू मारमा परेका छन् । यसरी सामुदायिक विद्यालयले मनलाग्दी शुल्क असुली गरिरहेको छ । यस विषयमा विद्यालयका प्रधानाध्यापक बाबुराम आचार्यसँग बुझ्दा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार नै आफूहरूले शुल्क असुल गरिरहेको बताए । निजी स्रोतका शिक्षक, शिक्षिकाहरू पालनको लागि शुल्क उठाउनुपर्ने बाध्यता रहेको बताए । विद्यालयमा कुनै निजी स्रोत नरहेकाले यस्तो गर्नुपरेको उनले बताए । यस विषयमा शिक्षा संयोजक तेजनारायण यादवसँग सोध्दा शिक्षा शाखाले कुनै किसिमको शुल्क असुली गर्नको लागि अनुमति नदिएको बताए । स्रोतका अनुसार विद्यालयको नाममा १८ विगहा खेत रहेपनि त्यसलाई व्यवस्थापन नगरी विद्यार्थीलाई भारपर्ने गरी रकम असुली गरिरहेका छन् । अभिभावकहरूले यस विषयमा सम्बन्धित निकायलाई ध्यानाकर्षण समेत गराएका छन् ।


## Kohalpur Municipality
## Office of Municipal Executive
**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

### Invitation For Seal Quotations

**Date Of Publication:2079/09/08 (Dec-23-2022)**

**Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke** invites bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BANKE/KOMUN/W/SQ-01/2079/080 | Manakamana chok dekhi uttar harka bahadur shahiko ghar hudai ritham chok jane bato staronnati at kohalpur Municipality ward no-2 | 45 days | 1,192,472.39 | 35,000.00 | 1000.00 | |
| 2 | BANKE/KOMUN/W/SQ-02/2079/080 | Binod chaudhariko sadhbato chitra bahadur mallako ghar hudai mugal tole jane bato sttaronnati at Kohalpur Municipality Ward no-2 | 45 days | 1,180,657.21 | 35,000.00 | 1000.00 | |

**Further Information to bidders;**

| | |
|---|---|
| Last date and time of Bid Submission | 2079/09/ 24 (Jan-01-2023) (upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2079/09/24 (Jan-01-2023) ; at 1:00 PM, At Kohalpur Municipality Office, Kohalpur, Banke |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank,Kohalpur, Banke, AC. Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch, Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur, Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**



## Mangalsen Municipality
## Office Of Municipal Executive
Mangalsen, Achham
Sudurpaschim Province
Nepal

### Invitation for Bid

**Date of Publication: 2079/09/08 (23rd Dec, 2022)**

The Mangalsen Municipality, Mangalsen, Achham Invites Online Bids From Eligible Nepalese Bidders For the construction of the following works:

| S. N. | Contract Identification No | Description of works | Estimated Amount (Exclusive VAT and Contingency) | Bid Doc. Fee NRs. | Bid Security NRs. | Bid Security Validity | Re-marks |
|---|---|---|---|---|---|---|---|
| 1. | MM/ACH/NCB/W-05/2079-080 | Construction of Health Post Building, Mangalsen-13, Basti, Achham | 68,75,045.00 | 3000.00 | 2,00,000.00 | 120 Days | E-Bid Only |

Eligible Bidders may obtain futher information from PPMO **website www.bolpatra.gov.np/egp**
**Date of Pre-bid meeting:** 2023/01/12 at 13:00 Hrs.

| Last Date and Time For bid Purchase | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| 2023/01/24 on or before 12:00 Hrs | 2023/01/24 on or before 12:00 Hrs | 2023/01/24 at 13:00 Hrs |

| Cash Deposit For Purchase of Bid Document | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijjya Bank, Achham | Bank | Rastriya Banijjya Bank, Achham |
| Account Name | Mangalsen Municipality | Account Name | Mangalsen Municipality |
| Account Number | 4260100301010003 | Account Number | 4260100303000003 |
| Office Code | 201280517 | Office Code | 201280517 |

Chief Administrative Officer



**साउदीमा रोजगार |** १. कम्पनी: **HAMAD THANI HUSSAIN AN-ENEZI ESTABLISHMENT FOR BEVERAGE SERVING**
शहर: Saudi Arabia

पुर्व स्वीकृत मितिः २०७९/०८/१५ | चलानी नं.: ६०१९२५७६ | L.T. No.: 276696 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 4 | 0 | स. काममा दक्ष | 1400 | ४८,३९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १५ गते (30 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com



**UAE को प्रतिष्ठित कम्पनीमा PSBD र DPS Security Guard हरूको आबश्यकता**

कम्पनी: **Star Security Services LLC** शहर: **DUBAI**

पूर्व स्वीकृत मिति: २०७८/०९/०५ | चलानी नं.: ६०१७०८९५ | L.T. No.: 254353 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (PSBD) | 278 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (SIRA) | 135 | 38 | | 1200 | ४३,२०० | | | | | | | |

**PSBD को Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।**
**DPS को Basic Salary AED 1200 र Other Allowance र OT AED 1280 सहित AED 2480 हुनेछ ।**

- ★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- ★ उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई ५ फिट ५ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
- ★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १५ गते (30 December 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १३२४/०७४/०७५
**STARIS HR SERVICES PVT. LTD.**
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762



**कुमारी बैंक लिमिटेड, शाखा कार्यालय गैडाकोटको तपसिलमा उल्लिखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना ।**

यस कुमारी बैंक लिमिटेड (साबिक देब: बिकास बैक लि समेत) शाखा कार्यालय गैडाकोटबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचनाजारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋण कर्जाको सम्पूर्ण सांवा, व्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानून बमोजिम धितो लेखिदिएको चल अचल सम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानूनी कारवाही अवलम्वन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सुचना केन्द्र लिमिटडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सूरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा यसै सूचना बाट जानकारी गराईएको छ ।

**तपसिल**

**ऋणीको विवरण:**



गंगालाल श्रेष्ठको नातीनी, दिर्घ नारायण श्रेष्ठ/देव कुमारी श्रेष्ठको छोरी, श्याम प्रसाद श्रेष्ठ /पुर्णकला श्रेष्ठको बुहारी, विरेन्द्र कुमार श्रेष्ठको पत्नी, नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स वडा नं. ६ स्थायी ठेगाना भई हाल गैडाकोट नगरपालिका वडा नं. ०२, भृकुटी चोक बस्ने **कुन्ती कुमारी श्रेष्ठ** (ना.प्र.न ३६ ७/२३४२ जारि मिति २०४४/१२/०४ जिल्ला प्रशासन कार्यालय, नवलपरासी) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**



१. रुद्र प्रसाद श्रेष्ठको नाती, श्याम प्रसाद श्रेष्ठ/पुर्णकला श्रेष्ठको छोरा, कुन्ती कुमारी श्रेष्ठको पती, रुपन्देही जिल्ला, बुटवल न.पा वडा नं. ७ स्थायी ठेगाना भई हाल गैडाकोट नगर पालिका वडा नं. ०२, भृकुटी चोक बस्ने, **विरेन्द्रकुमार श्रेष्ठ** (ना.प्र.नं १६०९८ जारि मिति २०४६/०२/१८ जिल्ला प्रशासन कार्यालय, रुपन्देही)।



२. श्याम प्रसाद श्रेष्ठ/पुर्णकला श्रेष्ठको नाती, विरेन्द्र कुमार श्रेष्ठ /कुन्ती कुमारी श्रेष्ठको छोरा, नवलपरासी जिल्ला, गैडाकोट न.पा वडा नं. २ भृकुटी चोक स्थायी ठेगाना भई हाल गैडाकोट नगरपालिका वडा नं. ०२, भृकुटी चोक बस्ने **सुविन श्रेष्ठ** (ना.प्र.नं ३६२००५/४६३१ जारि मिति २०७१/१२/१६ जिल्ला प्रशासन कार्यालय, नवलपरासी ।

**धितो सुरक्षणको विवरण:**

**कुन्ती कुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, गैडाकोट गा.वि.स वडा नं. २क स्थित क्रमश: कित्ता नं. ५९२४ को क्षेत्रफल ०-२-२.७५-० (रोपनी) को घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय गैडाकोट, नवलपुर फोन नं. ०७८-५०१६५५**

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

# शपथको अर्थ र सांसदहरुको दायित्व

नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूले बिहीबार शपथ लिएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले संसदको सवैभन्दा जेष्ठ सदस्य पशुपति शमशेर जबरालाई बुधबार शपथ गराएकी थिइन् । राष्ट्रपतिबाट शपथ लिएका जबराले बिहीबार २७० सांसदलाई शपथ गराएका छन् । चार जना सांसदले भने बिहीबार शपथ लिएनन् । उमेरको प्राविधिक कारणले महिन्द्र राय यादव, शोकमा परेकाले प्रेम आले, सुत्केरी भएकाले माया राई र जहाज छुटेकाले रामकुमार राई शपथ लिन छुटे । बिहीबार छुटेकाहरूले समय मिलाएर जबरासँग शपथ लिनेछन् । जबरासँग भ्रष्टाचार आरोप खेपिरहेका टेकबहादुर गुरूङ र हत्या आरोपपछि फरार अवस्थामै जितेका लक्ष्मी कोइरी महतोले समेत शपथ लिएका छन् । शपथ लिएसँगै नवनिर्वाचित सांसदहरूले सार्वभौम संसदमा जनप्रतिनिधिको वैधानिकता पाएका छन् ।

१२ राजनीतिक दल र स्वतन्त्र हैसियतमा निर्वाचित सांसदहरूले शपथ लिएसँगै सरकार गठन सहित संसदीय गतिविधि शुरू हुनेछ । प्रत्यक्षतर्फ जितेका सांसदहरूले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र समानुपातिक तर्फकाले निर्वाचन आयोगले तयार पारेको प्रमाणपत्र बुझाएका थिए । जनताबाट प्रत्यक्ष निर्वाचित र दलले चयन गरेका सांसदहरूलाई शपथसहित नयाँ कार्यभार सुम्पिएको छ । शपथलाई प्रण, प्रतिबद्धता, संकल्प, प्रतिज्ञा लगायतको पर्याबाची मानिन्छ । सांसदहरूले लिएको शपथको अर्थ सार्वभौम संसदको गरिमा, संविधानप्रतिको प्रतिबद्धता र जनताप्रति इमान्दारिताका रूपमा बुझ्ने प्रचलन छ । संसदीय अभ्यासमा शपथ महत्वपूर्ण प्रक्रिया हो । सांसदको शपथ लिएकाहरूले जनता, देश र संविधानप्रति आफ्नो दायित्व अर्को संसद नआएसम्म निर्वाह गर्नुपर्नेछ ।

बिहीबार भएको शपथको दृष्यले पनि सिंगो मुलुकको प्रतिनिधित्व भएको बोध गराएको थियो । सांसदहरूले लगाएको पोशाक र शपथ लिएको भाषाले मुलुक विविधतापूर्ण रहेकै झल्को दिन्छ । यसरी सांसद बनेर शपथ लिएकाहरूले संसदमा अर्को जनप्रतिनिधि नपठाएसम्म आफ्नो भूमिकाले संसदको गरिमा, जनताको चाहना, संविधानको पालना र मुलुकलाई अग्रगति दिलाउन भूमिका खेल्नुपर्छ । तर बिगतमा सांसदहरूले आफ्नो शपथमा लिएको भाषा भन्दा बिपरीत गतिविधि गरेको नजीर हामीसँग छ । यसपटक पनि भ्रष्टाचार र हत्या आरोप खेपेकै व्यक्तिले सांसद जितेका छन् । नयाँ सरकार गठनको दृष्य देख्दा सांसदहरू फेरि पनि चुनौती रहित छैनन् । अझ बितेको पाँच वर्षको अभ्यास सकारात्मक छैनन् । पुराना दलहरूमा नदेखिएको आकर्षणको अर्थ पनि सांसदहरूले जनताको चाहना पूरा गर्न नसकेकै पुष्टि हुन्छ । तसर्थ नयाँ सांसदहरूले बिगतका गल्ती सच्याउँदै अनुकरणीय भूमिका निर्वाह गरून् । कार्यकालको शुभकामना !

# ‘अवस्था र व्यवस्था दुवैमा परिवर्तन अनिवार्य’

*लोकतान्त्रिक सिद्धान्त अपनाए पनि पञ्चायत पृष्ठभूमिका नेता–कार्यकर्ता संस्थापक रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीले यसपटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा तुलनात्मकरूपमा उल्लेखनीय सफलता प्राप्त गरेको छ । मतदातासमक्ष हिन्दू राष्ट्र र राजतन्त्र पुनःस्थापनाको मागसहित आफ्नो सिद्धान्त, माग र कार्यसूची स्थापित गराउन निरन्तर आवाज उठाउँदै आएको र यसबीचमा मुलुकमा राजनीतिक स्थिरता कायम हुन नसकेको लाभ यसपटक राप्रपालाई प्राप्त भएको छ ।*

*गत मङ्सिर ४ गते भएको निर्वाचनमा राप्रपाका उम्मेदवार प्रतिनिधिसभामा प्रत्यक्ष र समानुपातिकतर्फ सात/सात स्थानमा विजयी भएका छन् । देशका प्रमुख शक्तिका रूपमा रहेका नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)बाट राजनीतिक स्थिरता कायम गरी विकास र समृद्धिका अभियान अघि बढाउने सवालमा अलमल हुँदा ती दललाई विगतमा प्राप्त हुँदै आएको मतको केही अंश यसपटक राप्रपाले लिन सफल भएको छ ।*

*अघिल्लो निर्वाचनमा प्रतिनिधिसभामा एक स्थानमा मात्र सीमित राप्रपालाई वर्तमान अवस्थामा ल्याइपुऱ्याउन पार्टीका अध्यक्ष **राजेन्द्रप्रसाद लिङ्देन**सहितको टोलीको ठूलो मेहेनत र संघर्ष छ । जसरी पनि सरकारमा जाने भन्ने सोचले उक्त दललाई अघिल्लो निर्वाचनमा मतदाताले खुम्च्याए पनि यसपटक भने केही हदसम्म विश्वास गर्दै परीक्षणमा राखेको अध्यक्ष लिङ्देन बताउँछन् । आफूलाई निष्ठाको पर्याय तथा विकास र सामाजिक एकताका अभियानकर्मीका रूपमा परिचित गराउन रूचाउने ५८ वर्षीय लिङ्देन यसपटक पनि एमालेका सहयोगमा नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलालाई फराकिलो मतले हराउँदै विधायक बन्न सफल भएका हुन् । राजनीतिक यात्राका क्रममा संघर्षका लामो कथा–व्यथाका अनुभवी अध्यक्ष लिङ्देनसँग सरकार गठन, आगामी कार्यदेशसहित समामयिक विषयमा राष्ट्रिय समाचार समितिका **उत्तम सिलवाल र नारायणप्रसाद न्यौपाने**ले लिएको अन्तर्वार्ताको सम्पादित अंश :*



राजेन्द्र लिङ्देन, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी

**यसपटकको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनलाई यहाँले कसरी लिनुभएको छ ?**

देशलाई यथास्थितिमै राख्ने कि परिवर्तनतर्फ लैजाने भन्ने सन्दर्भमा यो आवधिक निर्वाचन असाध्यै महत्वपूर्ण थियो तर परिणाम हामीले अपेक्षा गरेअनुरूप भएन । दल विशेषले बहुमत प्राप्त गर्न नसकेका कारण आगामी संसद् कस्तो हुन्छ, सरकार कति स्थिर हुन्छ भन्न नसकिने परिणाम प्राप्त भएको छ । चुनावी नतिजाबाट ठूलो जनमत परिवर्तनका पक्षमा छ भन्ने सन्देश आएको छ । यसले परम्परागत राजनीतिक दलको विकल्प खोजिएको भन्ने देखाएको छ । मुलुकका ठूला राजनीतिक दलले यसबाट शिक्षा लिनुपर्छ भन्ने मलाई लाग्छ ।

**चुनावमा जाँदा तपाईँका कार्यसूची र जनताको मागबीच कत्तिको तालमेल भएको पाउनुभयो ?**

हामीले मतदाताका बीचमा उठाएका विषय अभिभावकीयरूपमा राजसंस्था, सनातन हिन्दू राष्ट्र, प्रदेशको खारेजी, रोजगारी सिर्जना, समयमै मलखादको उपलब्धता र सुशासनप्रति जनताको व्यापक आकर्षण रहेको महसुस गरेका छौँ । हाम्रा मुद्दासँग जनता सहमत भए पनि विगतको क्रियाकलापका कारण तुरुन्तै पूर्ण विश्वास भने नगरेको मत परिणामबाट स्पष्ट हुन्छ । आगामी कार्यक्रम र क्रियाकलाप हेरेर मात्र समर्थन गर्ने भनी मतदाताले हामीलाई यसपटक ‘टेस्ट’ गरेको देखिन्छ ।

**अहिलेको अवस्था र व्यवस्थामा तपाईंको पार्टीका ‘एजेन्डा’ कार्यान्वयन सम्भव छ त ?**

सम्भव छ, अनिवार्य छ । अहिलेकै व्यवस्था र अवस्थाबाट देश अघि जान सक्दैन । कतिपय मानिस अहिलेकै अवस्था र व्यवस्था ठीक छ भन्नेमा छन् तर राप्रपा भने अहिलेको व्यवस्थामा पनि समस्या छ, अवस्थामा त कुरै गर्नुपरेन भन्नेमा छ । अहिलेको अवस्था र व्यवस्था दुवैमा परिवर्तन र सुधार अनिवार्य छ । ढिलो, चाँडो त्यस बाटामा सबै राजनीतिक दलहरू जान जरुरी छ, अन्यथा जनता स्वयम् परिर्वनका पक्षमा उभिन्छन् । त्यो चाहे मतदानबाट होस् वा आन्दोलनबाट भन्ने मलाई लाग्छ ।

**राप्रपाको परिचय लोकतान्त्रिक दल भए पनि तालमेल र सहकार्यप्रति जनतामा प्रश्न छ, यसलाई कसरी हेर्नुभएको छ ?**

